नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

## राहदानी घुम्ती शिविर तथा श्रमिक सचेतना कार्यक्रम सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा नेपाली राजदूतावासले कोरियामा रहनुभएका सम्पूर्ण नेपाली नागरिकहरुलाई सहज र सरल रूपमा सेवाप्रवाह गर्ने उद्देश्यले विभिन्न समयमा विभिन्न ठाउँहरुमा राहदानी घुम्ती शिविर तथा श्रमिक सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको बेहोरा सबैमा अवगत नै छ। सोही कार्यक्रमलाई निरन्तरता दिँदै यही आउँदो **४ जनवरी २०२६ (तदनुसार २० पुस २०८२)** मा नेपाली राजदूतावासको आयोजना तथा स्याङ्जा समाज किम्हे/बुसान दक्षिण कोरियाको सहकार्यमा ससाङमा राहदानी घुम्ती शिविर तथा श्रमिक सचेतना कार्यक्रम आयोजना गरिने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

राहदानी र कन्सुलर सेवाका लागि प्रचलित कानुनले तोकेको शुल्कबाहेक अन्य कुनै पनि थप शुल्क नलाग्ने बेहोरा जानकारी गराइन्छ। भिषा भएका नेपालीहरुको (G-1 भिषा बाहेक) रुपमा बस्नु भएका नेपालीहरुको सो स्थानबाट राहदानी नवीकरण हुने छैन। नेपाली जन्मदर्ता प्रमाणपत्र नभएका नवजात शिशुहरुको हकमा दूतावासबाट मात्र सेवा उपलब्ध हुने छ।

**राहदानीको राजश्व रकम Online माध्यमबाट मात्र बुझाउन मिल्ने छ।**

**अनलाईन फारम भरेपछि प्राप्त QR Code अनिवार्य रुपमा सम्पर्क व्यक्तिलाई पठाउनुहोला।**

**सेवा प्राप्त गर्नका लागि आवश्यक कागजातहरु:**

1) पूरानो राहदानी तथा सोको प्रतिलिपि १ थान ( Front Page र Back Page दुबैको )
2) नागरिकताको प्रतिलिपि १ थान ( Front Page र Back Page दुबैको )
3) सक्कल Residence Card,
4) थुङ्गी (Postal Charge) लागि ३०४० वन Cash।

**विस्तृत जानकारीका लागि सम्पर्क:**

रमेश काफ्ले – ०१०९०३५६११६
कमल अर्याल - ०१०५९३९८०७६
रसिक पाण्डे - ०१०५९५४२७८४
सुजन पौडेल - ०१०६६४५४१५९
रबि खवास - ०१०२१५६२०४४

नेपाली राजदूतावास, सउल
१६ डिसेम्बर २०२५

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]